नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः २८३/२०७३-७४

चलानी नं.३१

मितिः २०७३।०४।१२

विषयः- वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

तुरुन्त

JDS/JAPAN बाट प्राप्त जापानमा सन्चालन हुने तपसिल अनुसारको अध्ययन / तालीम / अध्ययन भ्रमण कार्यक्रममा तहां मन्त्रालयबाट एक/ एक (१/१) जना मनोनयन गर्ने गरि निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७३/०४/०९ को बैठकबाट निर्णय भएको हुदाँ उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | छात्रवृत्तिको विषय | अध्ययन / तालीम | माग संख्या | फारम सम्बन्धित संस्थामा पुग्नु पर्ने म्याद | ब्रोसियर अनुसार अवश्यक योग्यता/सम्बधित निकाय वा अन्य प्रासंगिक कुरा | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS) in 2016 | Study | 20 | 31st September, 2016 | Eligibility:<br>• Between the age of 25 and 40 as of April1, 2016<br>• Currently employed in the target organization as Gazetted Official and has 3 years or more of work experiences at the time of application<br>• has Bachelors degree<br>• Has a good command of both written and spoken English (IELTS 5.5) with no sub-band under 5.0)/TOEFl score of 500 or higher is preferred<br>For detail about application guidelines/documents and university information can be downloaded at JDS websites: http://jds-scholarship.org | सबै निकायलाई खुला गर्ने |

( किरण थापा )
शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिहंदरबार । तहांको प.सं IECCD/MoGA/JICA/350/073.074 च.न. ३३ मिति २०७३/०४/०५ को पत्रको सन्दर्भमा ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नम्बर: ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बर: ९७७-०१-४२००३३८